# बलवा नगरपालिकाको नगर सभामा प्रस्तुत आ.व. २०८२।०८३ को नीति, कार्यक्रम तथा बजेट

**प्रमुख अतिथि ज्यू,**
**विशेष अतिथि ज्यू,**
**अतिथी ज्यूहरु,**

**नगर सभाका सदस्य ज्यूहरु ,**
**बुद्धिजीवी वर्ग , नागरिक समाज, व्यपारि वर्ग , पत्रकार , किसानमा**
**नगरपालिका सम्पूर्ण कर्मचारीहरु, उपस्थित सम्पूर्ण नगर बासिहरु**

बलवा नगरपालिकाको दशौं नगरसभाको नीति तथा कार्यक्रम प्रस्तुतीको उदघाटन समारोहमा उपस्थित हुनु हुने नगरसभा सदस्य ज्यूहरु, सम्पूर्ण राष्ट्र सेवक कर्मचारीहरु पत्रकार , सुरक्षाकर्मिहरु , हामीलाई असाध्यै माया गर्नुहुने तमाम सार्वभौमसत्तासम्पन्न नगरवासी दाजुभाई, दिदीवहिनी, बुबाआमाहरुमा नगरपालिकाको तर्फबाट एवंम आफ्नो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत तथा सम्मान व्यक्त गर्दछु ।

बलवा नगरपालिका यस गरिमामय नगर सभा बैठकमा नगर प्रमुखको रुपमा विद्यमान् परिस्थितिका बिच आगामी आ.व. २०८२।०८३ को बजेट प्रस्तुत गर्न पाउँदा गौरवान्वित महशुस गरेको छु । यस घडिमा संघिय लोकतान्त्रिक गणतन्त्रात्मक शासन पद्धति स्थापना गर्नका लागि विभिन्न समयमा जिवन उत्सर्ग गर्ने सम्पूर्ण ज्ञात अज्ञात शहिद तथा यस व्यवस्थामा योगदान पुर्याउने सम्पूर्ण अग्रजहरु प्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु ।

मैले बलवा नगरपालिकाको दशौं नगरसभामा चैथौं बजेट प्रस्तुत गरिरहदा बलवा नगरपालिका भित्रको नागरिकको जिवन स्तर उकास्ने गहन जिम्मेवारी बोध गरेको छु । वर्तमान यस परिस्थितीमा सबै राजनैतिक दल, जनप्रतिनिधि , संघ संस्था, नागरिक समाज, बौद्धिक जगत र आम नागरिकको सहयोग तथा ऐक्यवद्धताले वतर्मान चूनौतीको सामना गर्न सकिन्छ, भन्नेमा बलवा नगरपालिका सरकार पूर्ण विश्वस्त छ ।

बलवा नगरपालिकाको तिव्र आर्थिक , सामाजिक विकास गरि समृद्ध र सुखि बलवा नगरवासी वनाउनु हाम्रो प्रमुख नीति रहनेछ । स्थानिय तहले कार्यन्वयन गर्ने गरि संविधानले नै सुनिश्चित गरेको अधिकारलाई जनताकै इच्छा अनुसार व्यवहारमा रुपान्तरण गर्दै शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधार बलवा नगरपालिकाको समृद्धिको मूल आधार भन्ने दिर्घकालिन सोचको साथ सभ्य, सुन्दर र समृद्ध बलवा नगर निर्माणको लागि दशौं नगरसभामा यस नगरपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गर्न लागेको छु ।

## बजेट नीति तथा कार्यक्रम तर्जुमा निम्न अधारहरुमा लिएका छौं ।

१. नेपालले अन्तराष्ट्रिय स्तरमा गरेको विभिन्न प्रतिवद्धता ।
२. नेपालको संविधानको भाग-४ उल्लेखित राज्यको निदेशन सिद्धान्त तथा नीतिहरु ।
३. संघिय सरकारले अंगीकार गरेको लक्ष्य, नीति तथा कार्यक्रमहरु ।
४. नेपालको संविधान धारा ५९ को आर्थिक भाग १९ को आर्थिक प्रणाली ।
५. नेपालको संविधानको अनुसूची-८ बमोजिमको कर लगाउन पाउने क्षेत्र ।
६. स्थानिय सरकार संचालन ऐन २०७४ ।
७. राजस्व परामर्श समितिको प्रतिवेदन ।
८. श्रोत तथा बजेट सीमा निर्धारण समिति श्रोत र बजेट अनुमान सिफारिस ।
९. नेपाल सरकारको बार्षिक बजेट सिद्धान्त उदेश्य र प्राथमिकता ।
१०. दिगो विकासका लक्ष्यहरु ।
११. रणनीतिक योजना ताथ क्षेत्रगत गुरुयोजना ।
१२. विषयगत समितिका प्रतिवेदन ।
१३. स्थानिय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ ।
१४. मन्त्रालयले विभिन्न समयमा गरेको विभन्न परिपत्र तथा निर्देशनहरु ।
१५. बस्ती स्तर तथा वडाबाट सिफारिस भई आएका प्राथमिकता प्राप्त योजनाहरु ।

**नगरसभाका सदस्य ज्यूहरु,**

अब म यस नगरपालिकाको दिर्घकालिन सोच, गन्तव्य तथा आगामी आर्थिक बर्ष २०८२।०८३ को बजेटका उदेश्य तथा प्राथमिकताहरु प्रस्तुत गर्न अनुमति चाहन्छु ।

क) दिर्घकालिन सोच "शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधार बलवा नगरपालिकाको समृद्धिको मूल आधार" रहने छ ।

**बजेटको उदेश्य हाँसिल गर्नका लागि निमित्त देहाय अनुसारका क्षेत्रगत र कार्यक्रमगत प्राथमिकता निधारण गरिएको छ ।**

**क.** आर्थिक विकास

ख. सामाजिक विकास

ग. पूर्वाधार विकास

घ. वन तथा वातावरण विकास

ङ. संगठन तथा सुशासन व्यवस्थापन

**नगरसभाका सदस्य ज्यूहरु,**

उल्लेखित दिर्घकालिन सोच, लक्ष्य तथा उदेश्य र प्राथमिकता अनुरुप यस नगरपालिकाको आ.व. २०८२।०८३ मा अवलम्वन गर्ने नीति तथा कार्यक्रम सम्मानित नगरसभा समक्ष प्रस्तुत गर्न चाहन्छु ।

**क) आर्थिक विकासः-** आर्थिक विकासको क्षेत्रमा सुरु भई सम्पन्न हुन नसकेका योजनालाई निरन्तरता दिने नीति अवलम्वन गरिने छ ।

**१. कृषि तथा पशुपन्छी**

- कृषि प्राविधिक व्यवस्थापन गर्ने
- बलवा नगरपालिका अन्तर्गत कृषकहरुलाई स्यालो ट्यूवेल वितरण कार्यलाई आगामी आ.व.२०८२।०८३ मा पून: निरन्तरता दिइने छ ।
- कृषि सिचाईका लागि विद्युतिकरण कार्य विशेष प्राथमिकताको साथ निरन्तरता दिइने छ ।
- पशु खोप कार्यक्रम, व्यवसासिक पशुफर्म प्रबर्द्धन कार्यक्रम (गाई, भौंसी, बाख्रा, कुखुरा) मा जोड दिईने छ ।
- किसानहरुको तथ्याङ्क सङ्कलन गर्ने तथा सूचिकरण कार्य गर्ने र किसानको वास्तविक समस्या पहिचान गरी किसानहरुको व्यवसायिक दिन तथा समस्या समाधानका लागि स्थलगत रुपमा नै जनशक्ति परिचालन गरिनेछन्।

- छडा, रोगी र घाइते जनावरहरुको संरक्षण तथा व्यवस्थापनका लागि विशेष प्रबन्ध मिलाईनेछ।
- कृषि हाट बजार लाई थप व्यवस्थित रुपले सञ्चालन तथा व्यवस्थापन गर्ने छ ।
- किसानहरुलाई कृषि कार्य गर्न आवश्यक पर्ने यन्त्र तथा जोखिमपूर्ण अवस्थामा आवश्यक पर्न सक्ने यन्त्र पुगाउन कृषि सडक निर्माण गरिनेछ।
- किसानहरुलाई कृषि कार्य गर्न रातो खोला तथा औंक्सी खोलामा पक्की बाँध निर्माण गरिनेछ।
- कृषि उपज भणडारण लागि कोल्ड स्टोरको स्थापन तथा व्यवस्थापन गरिनेछ।
- पशुधनको क्षति न्यूनिकरणको लागि रोग नियन्त्रण खोप कार्यक्रम तथा पशु स्वास्थ्य शिविर संचालनको जोड दिइने छ ।
- कृषकका लागि कृषि सामाग्री, कृषि उपजको उचित मूल्य र बजार पहुँचको व्यवस्था गरिनेछ ।
- कृषकका लागि उन्नत जातको विउविजन (धान,गहुँ,मकै, तरकारी विउविजन) कृषि औजार तथा समाग्रीहरु अनुदानको रुपमा उपलब्ध गराईन्छ ।
- कृषि बजार तथा हाट बजारको पूर्वाधार निर्माण, साना सिँचाई निर्माण, प्राविधि तालिम मार्फत प्राविधिक टेवा,कृषि सामाग्रीको आपूर्ति र कृषक क्षमता विकास कार्यक्रम सञ्चालन गरिने छ ।
- कृषि पेशामा युवालाई आकर्षण वद्धि गर्न युवा स्वरोजगार लक्षित कार्यक्रम संञ्चालन गरिने छ ।
- नगर बासीहरुलाई स्थानीय उत्पादन स्थानीय हाट बजार बाट नै खरिद गरि उपभोग गर्न प्रोत्साहन गर्ने नीति लिइने छ ।
- कृषकको उत्पादनलाई सुरक्षित बजार सम्म पुग्ने पहुँच स्थापित गर्न जिल्ला कृषि सहकारी संघ र उद्योग वाणिज्य संघसँग आवश्यक सहकार्यको नीति लिइने छ ।
- यस नगरपालिकाले कृषि उत्पादन भण्डारणको व्यवस्थापन गर्न नेपाल सरकार र मधेश प्रदेश सरकारको सहकार्यमा कोल्ड स्टोर निर्माण कार्य अगाडी बढाईने छ ।
- कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व अभिवृद्धिका लागि निर्वाहमुखी खेती प्रणालीलाई निरुसाहित गरि व्यवसायीक खेती प्रणालीमा रुपान्तरण गरिनेछ । किसानलाई प्रत्यक्ष लाभ हुने गरी समयमै मल, उन्नत बीउ बिजन, प्राविधिक सेवा

तथा अन्य आवश्यक सामाग्रीहरु उपलब्धताको सुनिश्चितता गर्नुको साथै उत्पादनको आधारमा अनुदान सहयोग उपलब्ध गराईने छ ।

- परम्परागत खेतीलाई निरुत्साहित गरि कृषकहरु लाई आधुनिक खेती तर्फ अग्रसर गरि जैविक मल उत्पादन सम्बन्धि कार्यक्रम लयाइने छ ।
- सिंचाई विना कृषिमा अगाडी बढन असम्भव छ । त्यसैले पालिका क्षेत्र भित्रमा सिंचाईका नहरहरुलाई सुदृढीकरण गरि स-साना शाखा नहरहरुलाई स्तरनोन्ती गरिदै किसानको प्रत्येक खेतमा सुलभ सिचाईको लागि आवश्यक नीति तथा मापदण्ड तयार गरि कार्यन्वयन गरिने छ ।
- खाद्यान उत्पादन वृद्धि गर्न ५०% अनुदानमा उन्नत विउ विजन उपलब्ध गराईन्छ ।
- कृषक वर्गको हितमा आवश्यकता अनुसार कृषि तथा पशु प्राविधिकको व्यवस्था मिलाई परिचालन गरिनेछ । ठुलो परिमाणमा कृषि तथा पशु पालन सम्बन्धी व्यवसायीक फर्म स्थापना गर्ने चाहने व्यक्तिहरुलाई अनुदानमा यन्त्र उपकरण उपलब्ध गराईने छ ।

## २. उद्योग तथा वाणिज्य

- नगरलाई आर्थिक रुपले आत्मनिर्भर बनाउन नगर क्षेत्रभित्र उद्योग स्थापनाका लागि उद्योगमैत्री नीतिहरु अवलम्बन गर्नुका साथै उद्योगीहरुलाई उद्योग स्थापना गर्न विशेष प्रोत्साहित गरिने छ ।
- नयाँ उद्योगहरु स्थापना गर्न लगानी मैत्री वातावरण श्रृजना गरी रोजगारीका अवसर सिर्जना गरिने छ ।
- व्यापारिक फर्म, पसलको दर्ता, अनुमति, नविकरण, खारेजी र नियमन गरिनेछ ।

## ३. रोजगार प्रर्बद्धन तथा गरिबी न्यूनिकरण

- वैदेशिक रोजगारीमा गएका तथा फर्किएका नागरिकहरुको तथ्यांक्ङ संकलन गरी पुन: एकीकरण कार्यक्रम संचालन गरिने छ ।
- नगर प्रमुख सीप विकास कार्यक्रम सञ्चालन गर्ने (इलेक्ट्रिसियन, मोटरसाकल, मर्मत, मोबाइल मर्मत आदि सीपमूलक र व्यवसायिक तालिम सञ्चालन गरिनेछ।
- बैदेशिक रोजगारीमा जाने चाहनेहरुका लागि श्रम स्वीकृति तथा पुन: श्रम स्वीकृति निरन्तरता दिई थप व्यवस्थित बनाइने छ ।
- नगरपालिका लाई पूर्ण रुपमा बालश्रम मुक्तका लागि विशेष पहल गरिनेछ ।

- बैदेशिक रोजगारीबाट फर्किएका युवाहरुलाई स्वदेशमा नै व्यवस्थाय बनाउनको लागि सिप विकास तालिम प्रदान गरिने छ ।
- बलवा नगरपालिकाको रोजगार सेवा केन्द्रलाई एकिकृत सेवाको रुपमा विकास गरिनेछ । साथै यस नगरपालिकाबाट संञ्चालित योजनाहरुमा रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगारहरुलाई प्राथमिकता दिइने छ ।
- रोजगारीको अवसर पहिचान, समस्याको समाधान र रोजगारीको क्षेत्रमा नविनतम उपाय र विधिको पहिचान गर्न रोजगार रणनिति तयार गरी कार्यान्वयन गरिने छ ।
- गरिबी निवारण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, नियमन र अध्ययन अनुसन्धानलाई वैज्ञानिक बनाउदै लगिने छ ।
- गरिबी निवारणको स्थानिय रणनिति तर्जुमा गरी रोजगारीका अवसर सिर्जना गरिने छ।
- गरिब घर पहिचान सम्बन्धी स्थानीय सर्वेक्षण,सूचना व्यवस्थापन र नियमन कार्य अघि बढाइने छ ।
- रोजगार तथा बरोजगारको तथ्याङ्क संकलन, प्रशोधन र सूचना प्रणालीको स्थापना गरिने छ ।

## ४. पर्यटन प्रर्बद्धन

- सुन्दर बलवा , समृद्ध बलवा भन्ने मुल नाराका साथ पर्यटन प्रबर्द्धन र विकास गर्न सरोकारवाला निकायसँग समन्वय गरि पर्यटन गुरु योजना तयार गरिने छ । धार्मिक पर्यटन, हरित पार्क निर्माण लगायतका क्षेत्रको आवश्यक प्रबर्द्धन र विकास गरिने छ।
- कारिक स्थान र रौजा मजार सर्फमा फ्रि वाईफाई जोन(Wifi Free zone) व्यवस्थापन गरिनेछ ।
- पर्यटकीय क्षेत्रको डिजिटल प्रोफाइल तयार गरी नगरपालिकाको Website मा जोडिनेछ।
- नगर पर्यटन व्यवस्थापनकालगी पर्यटन गुरु योजना तयार गरी पर्यटकीय पुर्वाधार निर्माणकालगि विभिन्न दात्रि निकाय हरुकालगी लगानी गर्ने नीति लिइने छ ।

- नगर क्षेत्रभित्र रहेका धार्मिक, साँस्कृतिक, ऐतिहासिक र प्राकृतिक क्षेत्रको संरक्षण, सम्बद्र्धन गर्दै सम्भाव्यताको आधारमा पर्यटकीय क्षेत्रको विकासका कार्यक्रम संचालन गरिने छ ।
- पर्यटन क्षेत्रको दिगो विकासको लागी जनसहभागितामा आधारित एकिकृत रुपमा वातावरण संरक्षण कार्यक्रम संचालन गरिने छ ।
- यस नगरपालिको ठूलो तथा ऐतिहासिक पर्यटकिय क्षेत्रको रुपमा रहेको कारिक स्थानको मन्दिर, धर्मशाला तथा वजारको व्यवस्थापन गरिने छ ।
- क्रमागतरुपमा रहेको ध्रुवकुण्ड स्थान सैन्दरियकरण कायको निरन्तरता दिइने छ ।
- ऐतिहासिक एबम पर्यटकिय क्षेत्रको रुपमा रहेका रौजा मजार, बन्चौरी गढ, लक्ष्मीनारायण मन्दिर तथा माइस्थान मन्दिर लगायतका ऐतिहासिक, सांस्कृतिक एंव धार्मिक महत्वका क्षेत्रको विकासमा जोड दिइने छ ।
- यस नगरपालिकाको कारिक स्थान, बलवा बजार ध्रुवकुन्ड स्थान तथा भगवतीपुरमा कलात्मक शैलीको प्रवेशद्वार गेट निर्माण गरिनेछ तथा पर्यटकीय क्षेत्रको विकास एंव प्रवद्र्धन गर्न र परम्परागत कला/संस्कृतीको संरक्षणमा विशेष ध्यान दिइने छ ।
- कारिक स्थानमा निर्माण हुँदै गरेको सामुदायिक धर्माशालाको निर्माण कार्य पुरागरी आधुनिक सेवा सुविधायुक्त बनाइने छ ।
- कारिक स्थानलाई व्यवस्थित ढल निकास तथा सरसफाइका लागी विभिन्न किसिमका कार्यक्रमहरु संचालन गरिने छ ।

## ५. सहकारी

- दिगो स्थानीय विकासमा संघ, प्रदेश तथा स्थानीय तह र सहकारी विचको समन्वय र सहकार्यलाई जोड दिइने छ । नगरपालिकामा संञ्चालित सहकारीहरुको सहभागितामा गठन भएको सहकारी संञ्जाललाई व्यवस्थित बनाई सहकारीका कार्यक्रम सञ्चालन गर्ने कार्यमा परिचालन गरिने छ ।
- सहकारीको वित्तीय सेवा तथा प्रविधिको प्रयोगमा वृद्धि एवं विकास गर्न नेपाल सरकारबाट विकास भएको कोपोमिस (COPOMIS) मा सम्पूर्ण सहकारीहरुलाई सामेल गराउन नीति लिइने छ ।
- एक व्यक्ति एक विषयगत विद्याको एक भन्दा बढी सहकारीमा सदस्य हुन नपाईने नीति अवलम्बन गरिने छ ।

- वित्तिय समावेशिता तथा वित्तिय साक्षरता वृद्धि गर्न साथै सहकारी शिक्षा विस्तार गर्न सघन रुपमा वित्तिय साक्षरता कार्यक्रम संचालन गरिने छ ।
- नगरपालिकाको सहकारी शाखालाई समक्ष जनशक्ति सहितको आवश्यक श्रोत साधन सम्पन्न बनाइने छ ।

## सामाजिक विकास

**ख. सामाजिक विकास :-** सामाजिक विकासका क्षेत्रमा शुरु भई सम्पन हुन नसकेका योजनालाई निरन्तता दिई सम्पन्न गर्ने नीति अवलम्वन गरिने छ ।

### १. स्वास्थ्य

- सुत्केरी पश्चातको पहिलो हप्तामा स्वास्थ्यकर्मि सहित सूत्केरी महिला तथा नवजात शिशुको स्वास्थ्य अवस्था परीक्षण गर्न पोषण कोसेली सहित भेटघाट गरिने कार्यक्रमको थालिनि गरिने छ ।
- आधारभूत तथा आकस्मिक सेवाको सुनिश्चिताको लागि नगर भित्रका सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा नेपाल सरकार द्वारा नि:शुल्क वितरण गर्ने भनी तोकिएका औषधिहरु सरल रुपमा उपलब्ध गराईने छ ।
- स्वास्थ्य बिमा कार्यक्रमलाई प्राथमिकताका साथ संचालन गरिने छ ।
- सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा OTC सेवा विस्तार गरिने छ ।
- "क्षयरोग मुक्त, बलवा नगरपालिका " नाराका साथ विभिन्न क्रियाकलाप संचालन गरिनेछ ।
- "कुष्ठरोग मुक्त, बलवा नगरपालिका " नाराका साथ विभिन्न क्रियाकलाप संचालन गरिनेछ ।
- खोप तथा गाँउघर क्लिनिक सेवालाई सुद्धढिकरण गर्न प्रत्येक वडामा एउटा बाह्य खोप केन्द्र निर्माण गरिने छ ।
- सम्पूर्ण स्वास्थ्य संस्थाहरुलाई पोषण तथा किशोर किशोरी मैत्री स्वास्थ्य सेवा केन्द्र बनाईने छ ।
- सम्पूर्ण स्वास्थ्य संस्थाहरुको Recording र Reporting समयमा गर्न तथा चुस्त दुरुस्त बनाउन Net जडान भईकेको छ र एक थान कम्प्यूटर प्रदान गरिने छ ।
- बनौटा स्वास्थ्य चौकी तथा धमौरा स्वास्थ्य चौकीमा बर्थिङ्ग सेन्टर संचालन गरिनेछ।

- स्वास्थ्य संस्थाहरुको न्यूनतम सेवा मापदण्ड अनुसार स्वास्थ्य संस्थाहरुमा आवश्यक पर्ने सामाग्री खरिद गर्न उचित बजेटको ब्यबस्था गरिने छ ।
- नसर्ने रोगको महामारी बढदो क्रममा रहेकोले नसर्ने रोग सम्बन्धित शिविर संचालन गरिने छ ।
- बलवा नगरपालिका भित्र जेष्ठ नागरिक घर दैलो स्वास्थ्य परिक्षण कार्यक्रम संचालनमा ल्याईने छ ।
- गर्ववति महिलाहरुलाई निःशुल्क Calcium र Folic Acid को व्यवस्था मिलाई प्रदान गरिने छ ।
- गर्ववति महिलाहरुको पोषण अवस्था सुधार गर्न प्रोटोकल अनुसार आठ पटक गर्ववति जाँच गराएमा चौथौ , छैठौ, आठौ र नऔ महिनामा प्रोत्साहन स्वरुप चार पटक प्रोटिन पाउडर उपलब्ध गराउने व्यवस्था मिलाईनेछ ।
- बलवा नगरपालिकामा रहेको आयुर्वेद औषधालयलाई व्यवस्थित गरि "मेरो स्वास्थ्य मेरो जिम्मेवारी " नारालाई सार्थक पार्न नागरिक आरोग्य कार्यक्रम मार्फत नागरिक आरोग्य सेवा केन्द्र पालिका अन्तर्गत संचालन गर्न तथा आयुर्वेद पद्धति मार्फत नर्सने रोगको न्यूनिकरण गर्न विशेष कार्यक्रम संचालन गरिनेछ ।
- स्वास्थ्य जिवनयापन गर्न नसर्ने रोगको न्युनिकरण गर्न तथा स्थानिय जडीवुटीको संरक्षण र सम्बर्धन गर्न स्वास्थ्य जिवनका लागि आहार विहार र विचार परिवर्तन गरी हरेक घर योग र जडीबुटी अभियान संचालन गर्दै योग, व्ययाम, ध्यानका लागी पालिका स्तरिय योग सेवाकेन्द्रको स्थापना गरिने छ ।
- पालिका स्तरिय खुला ब्यामशाला निमार्ण गर्न व्यवस्था मिलाईने छ ।
- आयुर्वेद औषधालयबाट प्रदान गरिने आयुर्वेद सेवा कार्यक्रम अझ विस्तार गरिने छ ।
- नगर प्रमुखसँग नागरिक स्वास्थ्य कार्यक्रम मार्फत प्रत्येक वडामा १ जना चिकित्सक सेवा उपलब्ध गराउने
- नगर क्षेत्रभित्रका प्रत्येक स्वाथ्य संस्थामा घुमती (Protable USG) कार्यक्रम सञ्चालन गरिनेछ।
- बलवा नगरपालिका अन्तर्गत सञ्चालन रहेको वडा नं. ६,७ र ११ को ल्याब प्रयोगशाला थप विस्तार एवम् सुदृढ गर्दै लगिनेछ।
- बलवा नगरपालिका भित्र रहेको एम्बुलेन्स सेवालाई निरन्तरता दिई थप एउटा संघ, प्रदेशबाट मांग गरिनेछ।

- आयुर्वेद शाखालाई थप प्रभावकारी बनाउनको लागि आयुर्वेदको नाममा रहेको जग्गामा भवन निर्माण कार्यको लागि संघ तथा प्रदेशमा माँग गरिनेछ।
- वडा नं. २ मा स्वास्थ्य संस्थाको लागि भवन निर्माण कायको लागि संघ तथा प्रदेशमा माँग गरिनेछ।
- ७० बर्ष  नाघेका जेष्ठ नागरिकको घरदैलो स्वास्थ्य परिक्षण गर्ने व्यवस्था ।
- रेडक्रस सँग सम्झौता गरी रक्त दान शिबिर संचालन गरिनेछ ।
- मानसिक/आँखा/जेनरल फ्रिजिसियन सम्बन्धि स्वास्थय शिविर संचालन गरिनेछ ।
- बलवा नगरपालिकालाई पूर्ण खोप दिगोपना सुनिशिचता पालिका घोषणा गरिनेछ ।
- सर्पदंस उपचार केन्द्र स्थापना गर्ने सम्बन्धित निकाय सँग पहल गरिनेछ ।
- स्वास्थ्य विमा कार्यक्रमलाई प्रभावकारी रुपले कार्यवयन्यन गरिनेछ ।
- विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम सबै सामुदायिक विद्यालयमा गरिनेछ ।

## २. शिक्षा

- **"दक्ष जनशिक्ति, गुणस्तरिय शिक्षा, आत्मनिर्भर एवं समृद्ध नगर हाम्रो अपेक्षा"** भन्ने मुल नाराका सात शैशिक क्षेत्रमा व्यापक सुधार गर्न प्रकिया अगाडि वढाईनेछ ।
- पालिकामा अध्यनरत बालबालिकाहरुको क्षमता अभिवृद्धि गर्नका लागि विद्यालय स्तरिय तथा नगर स्तरिय अतिरिक्त कृयाकलाप संचालन गरिने छ ।
- यस पालिकालाई राष्ट्रिय मापदण्ड अनुरुप व्यवस्थित गर्न आ.व. २०८२।०८३ मा पूर्ण साक्षर पालिकाको रुपमा घोषणा गरिने छ ।
- बलवा नगरपालिका भित्रका शिक्षालाई व्यवस्थित गर्न गराउन स्थानिय सरकार सञ्चालन ऐनले दिएको शिक्षा सम्बन्धि अधिकारकी मातहत रहित तथा संघिय शिक्षाबाट नबाझिने गरि बलवा नगरपालिका शिक्षा ऐन निर्माण गरिनेछ ।
- शिक्षालाई प्रविधि सँग जोडने संघिय सरकारको लक्ष्य अनुसार सामुदायिक विद्यालयहरुमा सूचना प्रविधिको विकास गरिनेछ ।
- प्रत्येक वडामा कम्तिमा १ वडा सामुदायिक विद्यालयमा वडा अध्यक्षज्यू सँग समन्वय गरि अंग्रेजी माध्यमबाट पठन पाठन गरिनेछ ।
- EMIS लाई एकिकृत गरि विद्यालय शिक्षासँग सम्बन्धित सबै प्रकारका अभिलेखलाई व्यवस्थित गरिनेछ ।

- विद्यालयहरुमा अध्यापनरत शिक्षकहरुको क्षमता अभिवृद्धि गर्नका लागि स्तर अनुसार पुर्नताजगि तालिमको व्यवस्था गरिने छ ।
- विद्यालयमा निकासा भएको रकमको सदुपयोग समयमै प्रभावकारी रुपले भए नभएको पालिकाबाट अनुगमन मूल्यांकन तथा आन्तरिक लेखा परिक्षण गरि विद्यालयमा सुशासन र जवाफदेहिताको अभिवृद्धि गरिने छ ।
- अतिरिक्त क्रियाकलाप कार्यक्रम प्रत्येक शुक्रबार सञ्चालन गरिनेछ ।
- विद्यालय कलर कोड अनुसार सबै विद्यालयको रङ्ग रोगनको लागि व्यवस्था गरिनेछ।
- प्रारम्भिक वाल विकास केन्द्र देखि कक्षा ५ सम्मको विद्यार्थिहरुको पठन -पाठनमा प्रभावकारिता ल्याउनका लागि दिवा खाजा कार्यक्रमलाई अझ प्रभावकारी रुपले संचालन गरिने छ ।
- "वाल वालिकाको इच्छा प्राविधि मैत्री शिक्षा" कार्यक्रम मार्फत विद्यार्थीहरुको सिकाइ उपलब्धि वृद्धिगरि शैक्षिक गुणस्तर सुधार गर्न तथा प्राविधि मैत्री सिकाई सहजीकरण गर्नका लागि विद्यालयमा ईन्टरनेट सेवा पुगि सकेकोले यस लाई निरन्तरता दिईनेछ।
- एक विद्यार्थि एक विरुवा, एक विद्यालय एक बगैचा कार्यक्रम संचालन गरि सबै सामुदायिक विद्यालयहरुलाई हरित विद्यालयको रुपमा विकास गरिने छ ।
- सामुदायिक विद्यालयहरुको शैक्षिक तथा भौतिक वतावरण सुद्रुढ पार्नको लागि शैक्षिक पुर्वाधार निर्माण , मर्मत संम्भार , संञ्चालन तथा व्यवस्थापनमा विशेष जोड दिईने छ ।
- पालिका अन्तर्गतका उच्च मा.वि.मा वाल क्लव गठनको व्यवस्था गरिने छ ।
- प्रधानाध्यापहरुको कार्यक्षमता अभिवृद्धि गर्नका लागि मुलुकका उत्कृष्ट विद्यालयहरुमा शैक्षिक अवलोकण भ्रमणको व्यवस्था मिलाईनेछ ।
- पालिका भित्र उच्च माध्यमिक कक्षा संञ्चालन भएका विद्यालयहरुमा कक्षा ११ र १२ मा अध्यनरत बालिकाहरुलाई लोकसेवा कक्षा तयारी संञ्चालनको व्यवस्था मिलाईने छ।

## ३. खानेपानी र सरसफाई:

- नगरपालिका भित्रका नागरिकहरुलाई सफा र स्वच्छ खानेपानी उपलब्ध गराउन “आधारभूत आपूर्तिका लागि कल जडान” खानेपानी आयोजनाहरु संचालन गर्न संघीय

सरकार बाट योजना तथा कार्यक्रम स्वीकृत भएको छ र सोको लागि आर्थिक वर्षको पहिलो चौमासिकको श्रावन/ भदौ महिना भित्र ठेक्का बन्दोबस्ती गरिने छ ।

- प्रत्येक टोलको चौक तथा हाटबजारमा व्यवस्थित खानेपानी सरसफाईको अनुभूति हुने गरि खाने पनि तथा सरसफाई सम्बन्धि चेतनामुलक कार्यक्रम तथा आयोजना संचालन गरिनेछ ।
- प्रत्येक विद्यालय, स्वास्थ्य चौकी, समुदायिक र धार्मिक ठाउँहरुमा व्यवस्थित तथा स्वच्छ खानेपानी तथा शौचालय निर्माण गरिनेछ ।

## ४. युवा, खेलकुद तथा मनोरञ्जन

- **"हामी खेल्छौं, स्वस्थ्य बन्छौ, बलवालाई चिनाउँछौं"** भन्ने नाराका साथ विभिन्न क्रियाकलाप संञ्चालन गरिनेछ ।
- नगर स्तरिय मेयर कप क्रकेट टुर्नामेन्ट हरेक साल गराईनेछ ।
- नगर खेलकुद विकास समिति गठन गरि नगर क्षेत्रभित्र खेलकुदको सर्वाङ्गीन विकासका लागि कार्यविधि तयार गरि यथासिघ्र कार्यान्वयन गरिने छ ।
- बलवा नगरपालिका वडा नं. ६ मा अभर्ड हल निर्माण का लागि संघीय सरकार संग विशेष पहल गरिने छ ।
- लागु पदार्थ दुवर्यसनबाट जोगाउनको लागि सचेतनामुलक कार्यक्रम संचालन गर्नुको साथै दुवर्यसनमा फसेकालाई पुर्नस्थापनाका लागि आवश्यक पहल गरिनेछ ।

## ५. लैंगिक समान्ता तथा सामाजिक समावेशीकरण (लक्षित वर्ग समेत)

- जेष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्ति, विधवा, दलित बालबालिका लगायतलाई नेपाल सरकारबाट सामाजिक सुरक्षा भत्ता प्रत्याभुत गरिदै आएकोमा आर्थिक र सामाजिक रुपले जोखिममा रहेका नागरिकहरुलाई सुरक्षा प्रदान गर्न तथा सभ्य र लोककल्याणकारी राज्य व्यवस्थाका लागि आवश्यक प्रबन्ध गरिने छ ।
- नेपाल सरकार द्धारा MIS System द्धारा EFT मार्फत लाभग्रहीको बैंक खातामा रकम जम्मा गर्ने कार्यलाई निरन्तरता दिईने छ । सामाजिक सुरक्षा भत्तालाई बैंकिङ्ग प्रणाली मार्फत वितरण गर्ने कार्यलाई निरन्तरता दिईने छ ।
- महिला तथा बालबालिका विरुद्ध हुने सबै प्रकारका हिंसा अन्त्य गर्न निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक कार्यक्रम सञ्चालन गरिनेछ । साथै समाजमा रहेको कुरिति, कुप्रथा, लैङ्गिक हिंसा, सचेतनामुलक कार्यक्रमलाई "हाम्रो समाज: राम्रो समाज" अभियानका रुपमा संचालन गरिनेछ । घरेलु हिंसा अन्तयका लागि बहस पैरवी र

चेतनामुलक अभियानहरु संचालन गरिनेछ । घरेलु हिंसा अन्त्यका लागि बहस पैरवी र चेतनामुलक अभियानहरु संचालन गरिनेछ । सो कार्यमा स्थानीय सामाजिक/गैर सरकारी संघ संस्थाहरु तथा टोल विकास संस्थाहरुको परिचालन गरिने छ ।

- नगरपालिकाभित्र रहेका अपाङ्गता भएका फरक क्षमताका व्यक्तिलाई कार्यविधिको अधीनमा रही अपाङ्गता परिचपत्र वितरण कार्यलाई निरन्तरता दिईनेछ । अपाङ्गता भएका व्यक्तिहरुको हकहितको संरक्षणको लागि विशेष व्यवस्था गरिने छ ।
- अपाङ्गता भएका व्यक्ति, असहाय, अशक्त, गर्भवती, सुत्केरी, जेष्ठ नागरिक र विपन्न वर्गको उपचार सुविधालाई निरन्तरता दिने व्यवस्था मिलाईनेछ । क्यान्सर , मुटु, मृगौला, स्पाइनल इन्जुरी र हेड इन्जुरी जस्ता रोगबाट पीडीत अति गरिब विरामीलाई उपचारको लागि आर्थिक सहयोग गर्ने कार्यक्रमलाई निरन्तरता दिईने छ ।
- अशक्त, असहाय, सहाराविहीन बालबालिका तथा जेष्ठ नागरिकहरुका लागि आश्रम स्थल निर्माण गर्का लागि प्रदेश तथा संघ सरकारसँग समन्वय गरिने छ ।
- आर्थिक तथा सामाजिक रुपमा पछि परेका महिला, बालबालिका , दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठनागरिक , अल्पसंख्या, सीमान्तकृत समुदायको सामाजिक र आर्थिक उत्थानका लागि विशेष कार्यक्रमहरु तथा गरिनेछ । महिला, सशक्तिकरण, बाल प्रतिभा पहिचान, युवा प्रतिभा पहिचान, अपाङ्ग लक्षित कार्यक्रम र दलित लक्षित कार्यक्रमहरु संचालन गरिनेछ ।
- अपाङ्गता भएका बालबालिकाहरुको लागि शैक्षिक सामाग्री वितरण गर्ने व्यवस्था मिलाईनेछ । उच्च शिक्षा अध्ययन गर्नका लागि उच्च शिक्षा छात्रवृति अन्तर्गत अपाङ्गता भएका विद्यार्थिहरु लागि नगरपालिकाको छात्रवृतिमा प्राथिमकता दिईने छ।
- अपाङ्गता भएका व्यक्तिलाई सबै सिफारिस नि:शुल्क गरिनेछ । शुल्क नि:शुल्क हुने अपाङ्गता परिचयपत्र अनिवार्य चाहिने छ ।
- आधुनिक प्रविधि मार्फत व्यक्तिगत घटना दर्त्ता (जन्म, मृत्यू, विवाह, बसाईसराई, सम्बन्ध बिच्छेद, धर्मपुत्र, धर्मपुत्री) अभिलेख व्यवस्थापन गरिने छ ।
- पञ्जिकरण र सामाजिक सुरक्षालाई अनलाइन अभिलेख राखि अझै प्रभावकारी तवरले सेवा प्रदान गरिने छ ।
- आगामी आ.व. २०८२।०८३ देखि पञ्जीकरण र सामाजिक सुरक्षा भत्तालाई वायोमेक्ट्रिक तरिकाबाट भेरिफाई गरी प्रभावकारी सेवा प्रदान गरिने छ ।

## ग. पूर्वाधार विकास

१) सडक तथा यातायात

- नगरको समग्र विकास निर्माणका लागि "आधुनिक तथा दिगो विकास" गुरु योजना निर्माण गरि कार्यान्वयनमा ल्याइने छ |
- नगर स्तरीय यातायात गुरुयोजना MTMP ( Municipal Master Plan) तयार गर्न लगाई कार्यान्वयनमा ल्याइनेछ । |
- नगरपालिकाको केन्द्र बलवा देखि वडा नं. ८ र ९ हुदै वडा नं.११को रौजा बजार सम्म कालोपत्रे तथा आर सी सी सडक र नला निर्माण लाई प्राथमिकता दिइनेछ |
- बलवा हुलाकी सडक देखि प्रशासकीय भवन, सिताकुंड हुदै बदिया जाने सडक सम्म नया सडक निर्माण गरि चक्रपथ सडकमा जोडिने छ ।
- नगरपालिकाबाट निर्माण हुने ४ मि. चौडाई भन्दा बढी र ठुला सवारीसाधन चल्ने सडकहरूको स्तरोन्नति गरि कालोपत्रे वा आर. सी. सी. ढलान गरिनेछ ।
- प्रत्येक वडामा "नालाको संजाल निर्माण तथा ढल निकास व्यबस्थापन" कार्यक्रम क्रमशः संचालन गरिनेछ |
- नगर स्तरीय चक्रपथ सडक लाइ विशेष प्राथमिकताकामा राखी निर्माण गरिने छ ।
- नगर भित्रका सम्पूर्ण सडकहरुलाई वर्ष भरि संचालन योग्य बनाउन बार्षिक सडक मरम्मत सम्भार योजना निर्माण गरि भैपरी बजेटको व्यवस्था समेत गरि लागु गरिनेछ|
- सरंचिया लैंडफिल्डसाइट जने सडक तथा औंक्सि नादिमा पक्कि पुल निर्माणका लागि संघीय सरकार स्थानीय कृषि सडक विभागमा माग गरिनेछ ।
- ध्रुव कुण्ड स्थान जाने सडकमा पक्कि पुल तथा नाला र सडक निर्माण गरिनेछ |
- अन्तर नगरपालिका जोडने सडकहरुलाई संघिय सरकार र प्रदेश सरकारसंग समन्वय गरि निर्माणको लागि पहल गरिनेछ |
- रोजा बजार – पडौल – बदिया कालोपत्रे सडक निर्माण कार्यलाई निरन्तरता दिइदै आगामी आ.व.मा समेत लागु गरिनेछ ।
- बलवा नगरपालिका वा.नं.९ अधियानापुरको गौश नगर देखि रा.प्रा.वि.सम्म अधुरो रहेको नाला निर्माण कार्य यसै वर्ष पुरा गरिने छ ।
- रौगा मजार सरिफको रातो पुलसम्मको अधुरो सडक पुरा गरिने छ ।

- रातो नदीमा धमौरा लेउरी जोड्ने लामो झोलुङ्गे पुल निर्माणको ठेक्का प्रक्रिया यसै वर्ष संचालन गरिने छ ।
- क्रमागत रुपमा रहेको कृषकको लागि सिंचाई कार्यक्रम अन्तर्गत बोर्डिंग जडान कार्य लाइ निरन्तरता दीने छ ।
- बलवा नगरपालिका वा.नं.६ बलवामा क्रिकेट रंगशाला निर्माणका लागि आवश्यक पहल गरिनेछ ।

२. भवन ,आवास तथा सहरी विकास

- सार्वजनिक तथा निजि घर निर्माण गर्दा राष्ट्रिय भवन संहिता र मापदण्डलाई अनिवार्य रूपमा लागु गरिनेछ।
- एक घर एक विरुवा भन्ने नारा सहित घर भवनको निर्माण सम्पन्न प्रमाण-पत्र दिदा कम्तिमा एक बहुबर्षिय विरुवा रोपेको कुरा सुनिश्चित गरी प्रमाण-पत्र दिने।
- बलवा नगरपालिको भवन निर्माण मापदण्ड तयार गरी नयाँ घरहरू निर्माण गर्दा अनिवार्य रूपले भवन आचार संहिता (Building By Law) बमोजिम नक्सा पास गर्नु पर्ने व्यवस्था लागु गरिनेछ। र सोकोलागी प्रोत्साहन स्वरूप नक्सापास दस्तुरमा छुटको व्यवस्था गरिनेछ।
- बलवा नगरपालिकाका पूर्व निर्मित घरहरूको अभिलेखिकरण कार्यलाई निरन्तरता दिइनेछ।
- विद्यालय, स्वास्थ्य चौकी, सार्वजनिक शौचालय तथा सामुदायिक भवनहरूको मर्मत तथा स्तरोन्नति गरिनेछ । आवश्यकता अनुसार यी पूर्वाधारहरुको नयाँ निर्माण समेत गरिनेछ ।
- सार्वजनिक भवनहरू अपाङमैत्री बनाउन जोड दिइनेछ।
- बलवा नगरपालिकाको प्रशासकिय भवन निर्माण कार्यलाई यसै आ.व.मा सम्पन्न गरिनेछ।
- निर्माणाधीन अवस्थामा रहेको १५ शैया बलवा अस्पताल भावनको निर्माण कार्य पुरागरिने छ 
- भवन नभएका वडा कार्यालयहरूको डी.पि.आर.तयार भैसकेको हुदा क्रमशः वडा कार्यालय भवन निर्माण गरिने छ ।

- दलित तथा विपन्न परिवारहरुलाई जनता आवास निर्माणको लागि प्रदेश सरकार संग समन्वय गरिने छ ।
- अतिक्रमणमा रहेका ऐलानी जगगा,पर्तिप्रात, पोखरीहरु पहिचान गरि अतिक्रमण मुक्त बनाईने छ ।

## घ. वातावरण तथा विपद व्यवस्थापन

### १. वन, वातावरण तथा विपद् व्यवस्थापन

- विपद आईपरेमा तत्काल उद्धार तथा पुर्नस्थापना गर्ने क्षमतायुक्त संरचना निर्माण गरिनेछ । विपद व्यवस्थापन कोषको आधिक्तम उपयोग गरिने छ ।
- नगरपालिका भित्रको सबै मुल सडकहरुमा वृक्षारोपण कार्यक्रमहरु संञ्चालन गरि करिब एक लाख वृक्षारोपण गरिने छ ।
- वातावरण संरक्षण, हरियाली प्रवर्द्धन र वृक्षारोपन, पालिकाको सौन्दर्यता र सोको संरक्षण, भु:संरक्षण तथा जल उत्पन्न प्रकोप नियन्त्रणका लागि आवश्यक प्रवन्ध गरिने छ । न्यून कार्वनमुखी तथा वातावरणमैत्री विकास नीति अवलम्बन गरिने छ ।

### २. फोहोरमैला तथा ढल व्यवस्थापन

- **नगरबासीको एउटै रहर, स्वच्छ, सफा, हराभरा र समृद्ध बलवा नगरपालिका** भन्ने नारा सहित फोहोरमैलालाई व्यवस्थापन लागि **ल्याण्डफिल्ड साइटको** खोजी गरी उचित व्यवस्थापनको कार्यलाई अगाडी बढाइने छ ।
- विभिन्न संघ संस्थाहरुसँग आवश्यक समन्वय तथा सहकार्य गरि बजारलाई सुन्दर र सफा र राख्न आवश्यक सरसफाई तथा ढल निकासाको कार्यलाई व्यवस्थित रुपमा संञ्चालन गरिने छ ।
- नगरमा व्यवस्थित ढल निकासका लागि योजना तर्जुमा गर्न आवश्यक अध्यनन तथा पहल गरिने छ ।

## संगठन तथा सुशासन व्यवस्थापन

## ङ. संगठन तथा सुशासन व्यवस्थाप:-

### १. मानव संसाधन व्यवस्थापन

- कर्मचारीको समुचित बन्दोबस्त गरी साङगठनिक उदेश्य हासिल गर्नका लागि यस नगरको आवश्यकता र क्षमताको आधारमा सांगठनिय संरचनालाई चुस्त दुरुस्त राख्ने नीति अवलम्बन गरिने छ ।

- स्थानीय तहका कार्यरत इमान्दार, दक्ष र अनुभवनी सेवा करारमा रहेका कमचारीलाई औचित्यता र आवश्यकताको आधारमा सेवामा निरन्तरता दिइने नीति लिइने छ ।
- कर्मचारीहरुलाई कामको आधारमा पुरस्कार र दण्डको व्यवस्था गरिने छ ।
- यस नगरपालिका अन्तर्गत कार्यरत कमर्चारीहरुको विशेष प्रोत्साहन भत्ता अगामी आ.व. २०८१।०८२ बाट कार्यपालिका बैठकबाटको निर्णय अनुसार दिईने छ।

२. **संस्थागत क्षमता विकास**

- दैनिक प्रशासनलाई छिटो छरितो बनाउन विधुतीय प्रणाली लागु गरिने छ। नगरपालिकाको आफ्नै वेबसाइट र सामाजिक सञ्जाल Facebook बाट नगरको सम्पूर्ण सूचना प्रकाशन व्यवस्थापन मिलाइने छ।
- विद्युतीय हाजिरलाई केन्द्रकृत गर्दै लगिनेछ ।
- शान्ति सुरक्षाको व्यवस्थापन लाई थप प्रभावकारी वनाउनेको लागि महत्वपूर्ण स्थानमा CCTV जडान गरिनेछ ।
- नगर सुन्दरता बिगार्ने गरी राखिएका अवयविस्थित होडिङ् बोर्डहरुलाई नगर प्रहरी परिचालन गरी हटाईनेछ।
- नगर भित्र रहेका भुमीहिन र अव्यवस्थित बसोबासहरुलाई सुरक्षित व्यवस्थापनको लागि भुमी आयोग द्वारा प्रकाशीत सूचना अनुसारको निवेदन संकलन गरी भुमिहिन सुकुमबासी तथा विपन्न नागरिकको पहिचान र अभिलेख उक्त स्थानीयलाई व्यवस्थित गर्न भुमी सुरक्षा आयोगलाई सिफारिस गरिनेछ।
- रौजा बजारलाई पूर्ण रुपमा व्यवस्थित गरिनेछ
- नागरिक वडापत्रको कार्यान्वयन, सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण, जस्ता सुशासनको औजारहरुको प्रयोग गरि पारदर्शिता , उत्तरदायित्व र जनविश्वास आर्जन गर्ने कार्यगत व्यवस्था मिलाइने छ ।

३. **राजश्व परिचालन**

- प्रगतिशील कर प्रणाली अवलम्बन गरिने छ ।
- नगरपालिकाले प्रवाह गर्ने सेवासँग करको आवद्धता गर्ने गरी सम्पती कर बहाल कर व्यवसाय कर विज्ञापन करलाई एकीकृत रुपमा आवद्ध गरिनेछ ।

- करको दायरालाई विस्तार गर्ने नीति अनुरुप आ.व. २०८२।०८३ लाई बलवा नगर कर अभियान बर्षका रुपमा बनाईनेछ ।
- करदाताको अभिलेख अद्यावधिक गरिने, नगरपालिकाको प्रवाह गरिने सेवालाई कर र शुल्कमा आबद्ध गरि न्यून आन्तरिक आय बुद्धि र गर्ने नीति अवलम्बन गरिने छ ।
- राजश्व परामर्श समितिको सुझावको आधारमा कर, दस्तुर, शुल्क, भाडा निर्धारण गरि करदाता शिक्षा मार्फत नगरबासीलाई कर तिर्न अभिप्रेरित गरिनेछ ।

**४. सार्वजनिक सेवा प्रवाह**

- **जनता सँग जनताको सरकार, छिटो छरितो र सर्वसुलभ सेवा प्राप्त गर्ने नागरिक अधिकार** अवधारण अनुरुप नगरपालिका प्रमुखबाट स्थलगत रुपमा जनप्रतिनिधि र नगरबासीसँग भेटघाट गरि गुनासो सुन्ने कार्यलाई निरन्तरता दिँदै **मुस्कान सहितको सेवा प्रवाहको नीति** अविलम्बन गरिने छ ।
- सुशासनका आधारभूत पक्षहरु उत्तरदायित्व, जवाफदेहिता, पारदर्शिता, जनसहभागिता प्रर्बद्धन गर्दै बिना भेदभाव सेवा प्रवाह गर्ने नीति लिईने छ ।
- सार्वजनिक सुनुवाईको आयोजना गर्ने र जन गुनासोको आथास्रिह सम्बोधन गरिनेछ ।

**५. अन्तिम लेखा प्रणाली र बेरुजु फछर्यौट**

- नगरपालिका आन्तरिक नियन्त्रण प्रणालीको रुपमा लागु गरिएको कार्यसंचालन निर्देशिकाको पूर्णरुमा कार्यान्वयन गरिनेछ ।
- सार्वजनिक लेखा समिति मार्फत अन्तिम लेखा परीक्षणले औंल्याएका त्रुटीहरु सुधार गरी फछर्यौटका लागि आवश्यकता अनुसार नगर सभा समक्ष पेश गरिनेछ र समयमै समपरिक्षण गरि बेरुजु फछर्यौटको व्यवस्था गरिनेछ ।
- आर्थिक पारदर्शिता र वित्तीय अनुशासनलाई कडाइका साथ पालना गर्दै बेरुजु कम गरिनेछ । बेरुजु फछर्यौटलाई अभियानका रुपमा संञ्चालन गरिनेछ ।

**६. अन्तर निकाय समन्वय**

१. <u>**नगर प्रहरी**</u>

- संघीय तथा प्रदेश कानुनको अधिनमा रही नगर प्रहरी सञ्चालन र व्यवस्थापन नीति, कानून, मापदण्ड , कार्यान्वयन र नियमन गरिनेछ ।

२. <u>न्यायीक समिति</u>

- न्यायीक समितिको क्षमता अभिवृद्धि तथा मेलमिलाप केन्द्रमा कार्यरत कर्मचारीहरुको क्षमता विकास तथा आवश्यक समाग्रिहरु व्यवस्थापन गर्नका लागि रकम विनियोजन गरिएको छ ।
- संविधानमा उल्लेखित सबै संवैधानिक व्यवस्थाहरु, प्रदेश कानून र स्थानिय तह सञ्चालनका लागि बनेका कानुन तथा कार्यविधिहरुको मातहतमा रहि कार्यान्वयन गरिने छ ।
- न्याय तथा कानूनी राज्यको परिपालना गर्दै मानव अधिकारको संरक्षण, प्रबर्द्धन गर्दै व्यक्तिगत र समुहबीच मेलमिलाप र मध्यस्थताको कार्यलाई कार्यान्वयनको सुरुवात गर्दै सामाजिक सद्भाव कायम गरिने छ ।
- असहाय र असमर्थ पक्षलाई कानून बमोजिम नि:शुल्क कानूनी परामर्श तथा सहायता उपलब्ध गराईनेछ ।

**सम्मानित नगरसभाका सदस्य ज्यूहरु**

**अन्तमा,**

यस शिक्षा,स्वास्थ्य, कृषि र पूर्वाधार बलवा नगरपालिकाको समृद्धिको मुल आधारमा विकासको लागि निरन्तर सदभाव सहयोग गर्नुहुने सम्पूर्ण नगरवासी महानुभावहरु नगरपालिकाको कर्मचारीहरु, करदाता महानुभावहरु, विकास साँझादारहरु, सरकारी, गैरसरकारी समुदायीक संस्थाहरु प्रति हार्दिक अभार प्रकट गर्दै बजेटको सफल कार्यन्वयमा सबै पक्षहरुको साथ र सहयोगको अपेक्षा गरेको छु । हाम्रा सामु थुप्रै चुनौतीहरु छन हामी सवैको साथ सहयोग र सहकार्यलाई थप प्रभावकारी बनाउन सकेमा ती चुनौतीहरुलाई सजिलै पार गर्न सकिनेछौ । आगामी दिनमा सबै जनाको सहयोग अपेक्षा गर्दै सम्पूर्ण महानुभावहरु प्रति हार्दिक आभार प्रकट गर्दछु ।

**अब म यस सभा समक्ष आगामी आर्थिक बर्ष २०८२।०८३ का लागि प्रस्तावित आय व्ययको विवरण निम्नानुसार प्रस्तुत गर्न चाहन्छु ।**

## अनुमानित बजेट

**संघिय सरकारबाट प्राप्त अनुदानहरु**

- वित्तिय समानिकरण अनुदान संघ - ११५०००००००/- (एघार करोड पचास लाख मात्र)
- सशर्त अनुदान संघ - २५३१०००००/- (पचीस करोड एकतीस लाख मात्र)
- विशेष अनुदान संघ- ६७००००० सत्सठ्ठी लाख मात्र
- सम्पूरक अनुदान संघ- १६२०००००/- (एक करोड बास्ठी लाख)
- राजश्व बाँडफाँड संघ- १०८१९४५७६/- ( दस करोड एकासी लाख चौरान्नब्बे हजार पाँच सय छहत्तर रुपैया मात्र )

**प्रदेश सरकारबाट अनुदान हाँल सम्म प्राप्त नभएको र अनुदान प्राप्त भए पस्चात बजेटमा समावेश गरिने छ ।**

आन्तरिक श्रोत

- **२०००००००/- (दुई करोड मात्र)**

राजश्व बाँड फाँड स्थानिय

- १००००००००/- (एक करोड मात्र )

- **चालु तर्फ - ३२८५९४५७६/- (बतीस करोड पचासी लाख चौरान्नब्बे हजार पाँच सय छहत्तर रुपैया)**
- **पुजीगत तर्फ - २००६०००००/- (बीस करोड छ लाख मात्र )**
- **कुल जम्मा ५२९१९४५७६/- (बाउन्न करोड एकान्नब्बे लाख चौरान्नब्बे हजार पाँच सय छहत्तर रुपैया)**

**धन्यवाद !**